

एचआइभी संक्रमित मथुरा कुंवर आफूमात्रै बाँच्नुभएन, लड्नुभएन, आफूजस्ता हजारौंको लागि हिम्मत बन्नुभयो । एचआइभीविरुद्धकी फाइटर उहाँ रोग लागेपछि मृत्यु नजिक देखिहाल्नेका लागि प्रेरणाकी प्रतिमूर्ति हुनुहुन्छ ।

# एचआइभीविरुद्धकी फाइटर–मथुरा



● लोग्शरी कुँवर

२०५३ साल साउनको पहिलो साता। कतिबेला पानी पर्छ, घाम लाग्छ वा बादल, ठेगान छैन मौसमको। पहाडका घर जतिसुकै बाक्ला र बलिया भनिए पनि वर्षातमा पानी कतै न कतैबाट चुहिहाल्ने। आकाशमा बादल जुम्म हुनासाथ कहाँनेर चुहिन्छ, थाप्ने भाँडोको जोहो गर्नैपर्ने। त्यसमा पनि त्यतिबेलाको सुदूरपश्चिमको पहाड जहाँ वर्षातका चार महिना धौ धौ काट्थे मान्छेहरू। हो साउनको त्यही मौसमी झरी जस्तै मथुराका आँखाबाट पनि आँशुका भेल नै बग्थे। अनि त्यति बेला यत्र तत्र सर्वत्र भेटिने दिसापिसाबको दुर्गन्ध भन्दा कम दुर्गन्धित त कहाँ थियो र समाजको सोच ! जिल्लामै सबैभन्दा बढी बुझ्ने मानिस भएको ठाउँ भनेर चिनिने अछामको बयलपाटा (तत्कालिन् चण्डिका गाविस) की मथुरा कुँवरको सिउँदो उजाडिएको समय थियो त्यो। जीवनको उर्वर समय, लाउलाउ खाउखाउ भन्ने बेला श्रीमानको मृत्युकै कारण आफ्नै अनि आफन्तबाट उहाँले पाएको छी छी र दूर दूरको कहानी जति लेखे पनि कम हुन्छ।

एचआईभी अर्थात नौलो रोग। तत्कालिन् समयमा नेपाल सरकारले पनि एचआइभीलाई प्राणघातक रोगमा सूचिकृत गरेको थियो। रोग लाग्यो कि मान्छे खत्तम। मर्नुको विकल्पै थिएन। प्रकृतिको खेल हो या नियति, त्यै बेला मथुराका श्रीमान् डम्मर कुँवरको एचआइभीले ज्यान लियो। मथुरा पनि संक्रमित हुनुभयो। दम्पति नै एचआइभी संक्रमित भएको थाहा पाएपछि एचआइभीलाई नौलो रोग भन्ने अछामीले मथुरालाई अलच्छिनी, टोकारी, के मात्रै भनेनन्। उनका चारजना लालाबालाले खेपेको हेलोहोचो त कति हो कति। कुरा गर्दागर्दै मथुराको गला अवरुद्ध हुन्छ। आँखा भरिन्छन्। दुई दशक अघिका ती नमिठा क्षणहरू सम्झिनुहुन्छ, "धारामा पानी लिन जाँदा मलाई कसैले छुने त परैको कुरा हो। धारासमेत चोख्याउँथे। कस्तीका मुख डिठ पण्यो (कस्तीको अनुहारमा नजर गयो) भन्ने। अहिले नै मरौं जस्तो लाग्थ्यो कतिबेला त।"

जन्मदै अभाव र गरिबीसंग लड्नु भएको थियो मथुरा। उहाँसँग हार भन्ने शब्द नै थिएन। त्यसैले उहाँले जीवनसँग पनि हार मान्नुभएन। बरु श्रीमानको जीवन खाएको रोग नै उहाँसंग हार मानिरहेको छ, अहिलेसम्म। मथुरा भन्नुहुन्छ, "ममा नै मर्ने सोच आयो र यदि म पनि मरें भनें त छोराछोरीलाई ज्यूँदै मार्छ

समाजले । सायद सामूहिक चिहान बनाउँछ मेरा छोराछोरीको । अहँ ! म मर्नु हुन्न । जति दिन बाँच्छु, छोराछोरीको ढाल भएर भएर बाँच्छु भन्ने संकल्प गरें" मथुराले गर्वका साथ थप्नुभयो, 'त्यतिबेला मैले मन कमजोर बनाएको भए मेरो पनि ज्यान जान्थ्यो नानी । हेर्नुस् त आज कति खुशी छु म । कमसेकम छोराछोरीको छहारी त बन्न सकेकी छु ।"

वि.स.२०१६ साल चैत ९ गते अछामको भागेश्वर गाविस (हाल साँफेबगर नगरपालिका) वडा नम्बर १, कालाआममा जन्मिनुभयो उहाँ । बज्जिरसिंह रावल र कोइली रावलकी जेठी छोरी मथुरा आर्थिक रुपमा बिपन्न आमा बुबाकी जेठी सन्तान । बाल्यकाल पनि अभावमै बित्यो । छोराछोरीको पेट पाल्न बज्जिरसिंहले घर बनाउने मिस्त्रीको काम गर्नुहुन्थ्यो । आमा घरधन्दा र खेतबारी सम्हाल्नुहुन्थ्यो । दुई भाइ र दुई बहिनी हेरचाहको जिम्मा मथुराको पनि थियो । त्यसैले उहाँले लेखपढ गर्न पाउनुभएन ।

विवाह के हो थाहा थिएन । तर पनि महिनावारी नहुँदै छोरीको कन्यादान गरिदिए धर्म हुन्छ भन्ने विश्वास थियो त्यो बेला । त्यही विश्वासका कारण ११ वर्षको उमेरमै आमा बुवाले छिमेकी गाउँका डम्मर कुँवरसँग उहाँको विवाह गरिदिए । बिहे हुँदा डम्बर १४ वर्षको हुनुहुन्थ्यो । वैवाहिक सम्बन्ध बारे डम्मर र मथुरा दुवै अनभिज्ञ । श्रीमान् श्रीमतीको सम्बन्ध के हो थाहा थिएन । आत्मियता हुने त कुरै भएन । अनि जहाँ भेटयो त्यही लड्न शुरु गरिहाल्ने । सकेसम्म एकअर्कालाई गिराएर कुरा गर्ने र एक अर्काको बारेमा अभिभावकलाई कुरा लाउथे ।

विहेको चार वर्ष बित्यो । मथुरा र डम्मर संगै नसुत्ने । गाउँमा डम्मरलाई केही पुरुषले जिस्काउन र उकास्न थालेछन् । अनि बल्लतल्ल उहाँहरूको एउटै ओच्छयान भो । दुईपटक मात्रै महिनावारी भएकी मथुराको गर्भ रहयो । चैत मा १६ वर्ष पुग्दै हुनुहुन्थ्यो, २०३४ साल माघमा जेठो छोराको जन्म भो । लगातार २ छोरा जन्मिएपछि तेस्रो छोरी जन्मिइन् र चौथो छोरा ।

बिहेपछि हाँसीखुशी नै चलिरहेको थियो उहाँहरूको जीवन । बयलपाटामा स्कूल थियो । डम्मरले १० कक्षा पास गर्नुभयो । कलेज पढ्न जिल्लामा स्कूल थिएन ।

उहाँ पढ्नका लागि छिमेकी जिल्ला डोटी पुग्नुभयो । तर घर व्यवहारले गर्दा ११ पछि पढ्न पाउनुभएन । फी तिर्न नसक्ने भएपछि पढाई छोड्नुपर्‍यो ।

पढाई छाडेपछि हत्तपत्त जागिर पाइएन । कामका लागि भारत जाने चलन थियो । २०३५ सालमा डम्मरले पनि मजदुरीका लागि भारत जाने निर्णय गर्नुभयो । उतै काम गर्नुहुन्थ्यो । उहाँको कमाइले घर खर्च, छोराछोरी पढाउन, लुगाफाटोको जोहो चलेकै थियो । कहिलेकसो घर आउनुहुन्थ्यो । कहिले मथुरा नै श्रीमान् भेट्न भारत जानुहुन्थ्यो ।

वि.स.२०५२ साल शुरु भएपछि डम्मर बिरामी पर्न थाल्नुभयो । उपचार गर्दागर्दै सञ्चो नभएपछि डम्मरले मथुरालाई भन्नुभयो, “मेरो मुख हेर्न मन छ भने यतै आइजा । म बाँच्दिन होला ।” श्रीमान्को कुराले मथुरालाई ठूलो झट्का लाग्यो । केही सोच्न सक्नुभएन । मंसिरको महिना साढे दुई वर्षका कान्छो छोरालाई साथमा बोकेर उहाँ भारत जानुभयो । श्रीमान्को शारीरिक अवस्था देखेर शुरुमा त हरेस खानुभयो । तर श्रीमान्लाई जसरी पनि बचाउंछु भन्दै उहाँले भारतको माहिममा राम्रा भनिएका कुनै अस्पताल बाँकी राख्नुभएन । तीन महिनाको अवधिमा भारु तीन लाख रुपैँया खर्च गर्नुभयो । तर निको हुनु त परको कुरा, रोगै पत्ता नलाग्ने ।

चेकजाँच गर्ने क्रममा माहिमको हिन्दुमा अस्पतालमा फागुनको पहिलो सातातिर रोग पत्ता लाग्यो । अस्पतालले भन्यो, “यो रोग निको हुन्न । औषधि पनि छैन । बढी बाँचे एक महिना बाँच्ला । बरु उपचार गरेर पैसा सक्नु भन्दा घर लैजाउ ।” अस्पतालले नै बरु यो रोग सरुवा भएकोले मथुरालाई पनि जाँच गर्न पठायो । गाउँमै हुँदा नौलो रोग र त्यो रोग लागेका व्यक्तिलाई गरिने अपमान सम्झेर मथुरा भक्कानिन थाल्नुभयो । “श्रीमानको रिपोर्टले मर्नु न बाँच्नु भइसकें । फेरि आफू पनि संक्रमित भईसकेको थाहा पाएपछि के भयो होला !” उहाँले त्यो क्षण सम्झिनुभयो । यद्यपि काखको छोरा र ओच्छ्यानमै थलिएका श्रीमानको चित्त बुझाउने उहाँबाहेक कोही थिएन परदेशमा । डम्मर, ‘म घर जान्न । यही मर्छु । तँ छोरालाई लिएर घर जा’ भन्न थाले । मथुराले जे भए पनि घरमै होला । जे गर्नुपर्छ म गर्छु । तपाईलाई परदेशमा मर्न दिन्न । म छँदासम्म तपाईलाई कसैले केही भन्न र गर्न दिन्न भन्दै ढाडस दिनुभयो ।

फकाई फुलाई अशक्त श्रीमान् बोकेर २०५३ साल जेठ ३ गते घर पुग्नुभयो । घर पुग्दा छोराको रोग बारे थाहा पाएपछि हरेश खाएका बुवा गिरी कुँवरको मृत्यु भएको नौ दिन पुगिसकेको थियो । अर्को महिना असार ३२ गते डम्मरले पनि प्राण त्याग्नुभयो ।

त्यो बेला एचआइभीले अछाममा दुई चार जोडी अरुको पनि मृत्यु भइसकेको थियो । एचआइभीको औषधि नै थिएन । डम्मरको मृत्यु भएको चार वर्षपछि मात्रै अछाममा एचआइभी संक्रमितले औषधि खान पाए । त्यो रोगले ज्यान गुमाएका मान्छेलाई कसैले छुदैनथे । गाउँघरमा फलानाको मृत्यु भयो भनेर भनिदैनथ्यो । त्यो गाउँमा एउटा कुकुर मर्‍यो । बिरालो मर्‍यो । स्याल मर्‍यो भन्दै साह्रै अपमान गरेर मान्छेको मृत्युलाई कुकुर, बिराला र अरु जनावरको मृत्युसंग जोडिन्थ्यो । आफ्नो श्रीमान्लाई पनि त्यसै भन्छन् भन्ने पीरले रोग पत्ता लागेदेखि नै मथुरा चिन्तित हुनुहुन्थ्यो । त्यसैले कसैले नछोए छोराछोरीको सहारामा दाहसंस्कार गर्छु भन्ने हिम्मत थियो मनमा । तर मनमा डर भए पनि डम्मरको लास छुन आफन्तले आनाकानी गरेनन् । हातमा प्लाष्टिक बाँधेर लास छोए, दाहसंस्कार गरे ।

विधुवा भएपछि १४ अंचल, ७५ जिल्लामा सबैभन्दा दुःखी मै हुँ भन्ने लाग्यो मथुरालाई । नौलो रोगले श्रीमान् गुमाएपछि गाउँमा उहाँले पनि 'नौलो रोगवाली' को उपमा पाउनुभयो । गाउँमा विवाह, भोज वा अरु कुनै काम हुँदा उहाँ र उहाँका छोराछोरीलाई बोलाउन छाडियो । स्कूले छोराछोरीले शिक्षक र साथीहरूबाटै विभेद भोगे । सबैले एचआइभीवाला भनेर हेप्ने । गाउँलेहरूले आफ्ना छोराछोरीलाई तिनीहरूसंग नखेल्नु भन्ने । 'उता जाउ' भन्ने । विद्यालयमा छोराछोरीको बेञ्च नै अलग भएको थाहा पाएपछि उहाँ विद्यालयमै पुगेर आफ्ना छोराछोरीलाई कसैले औंला उठाए नछोड्ने धम्की दिनुभयो । त्यसपछि भने विद्यालयमा कसैले खुलेर अपमान गरेनन् ।

एकपटक तीन वर्षको छँदा कान्छो छोरा घरकै पछाडितिर लडेर टाउकोमा ठूलो चोट लाग्यो । कान्छो पनि संक्रमित हुन् कि भन्ने सबैलाई शंका रहेछ । माइलो छोरालेसमेत लडेको भाइलाई उठाएन । कारण उनलाई पनि भाइ संक्रमित हुन् र रगत आफूलाई लागे रोग सर्छ भन्ने डर लागेछ । लडेको बालक रोइरहँदा

पनि कसैले उठाइदिएनन् । मथुराले थाहा पाउनुभयो । उहाँ गएर उठाउनु भो र घाउ च्यापिदिनुभयो ।

बुवाको मृत्युपछि आफ्नै भनिनेबाटसमेत मथुराका छोराछोरीलाई रुखो सुखो व्यवहार भयो । सामान्य कुटपिट र विभेदको त लेखाजोखा नै भएन ।

तेस्रो सन्तान छोरीलाई पनि रोग छ भन्ने शंका रहेछ । करिब १३ वर्षकी हुँदा छोरी र कान्छो छोरा आमालाई केही नभनी लुकेर सदरमुकाम मंगलसेन रगत चेक गर्न गएछन् । एचआइभी नेगेटिभ देखियो । रिपोर्ट थाहा पाएपछि दिदीभाइ त नाँचे रे । घर आएर हाँस्दै, खुशी हुँदै 'आमा हाम्ले रगत जाँच्यौं । हामी दुबै जनामा एचआइभी छैन' भने । निकै भावुक हुँदै मथुराले सुनाउनुभयो, "छोरी र कान्छो छोरा पनि पोजेटिभ हुन् की भन्ने डर थियो । दु:खको पोखरीमा डुबेकी मलाई त्यो भन्दा खुशीको खबर के भो होला र ? आँखाबाट आँशु झर्न थाले । दुबैलाई अंगालो हाले । अहिले त २६ वर्ष भइसक्यो कान्छो पनि ।"

कुनै चमत्कार भइदिन्छ कि ! श्रीमान्लाई निको पो हुन्छ कि ! भन्दै मथुराले भारतमा कहाँकहाँ धाउनु भएन र । साइबाबाको पुट्टपर्तीसम्म पुग्नुभयो । त्यही पुट्टपर्तीमै हो साढे दुई वर्षका कान्छा छोराले साइबाबाको मुर्तीमा माला चढाउदै 'मलाई केही चाहिएन साइबाबा । मेरो बुवा बचाइदिनु । मलाई लाउन खान केही नदिनु' भनेको । अबोध बालकको त्यो प्रार्थना सुनेर मथुरा मर्माहित हुनुभयो । 'बर्बरी झर्न थालेका आँशु पुछेर लाइनबाट बाहिर निस्कें,' उहाँले भन्नुभयो, 'राम्ररी बोली नफुटेका बालकमा कसरी आयो होला त्यो अक्कल ?'

मथुराले माइला छोराको लागि डोटीमा बुहारी माग्नुभयो । कसैले यो त एचआइभी संक्रमितको छोरा हो भन्दिएछ । अनि केटी पक्षले केटाको रगतको रिपोर्ट देखाउनु पर्छ, नत्र विवाह हुन्न भन्यो । मथुराले मबाहेक कुनै छोराछोरी पनि संक्रमित छैन भन्दा विश्वास गरिएन । अनि उहाँले खबर पठाउनुभयो, "त्यसो भए डोटीबाट तपाईंकी छोरीको रगतको रिपोर्ट पठाइदिनु, अछामबाट मेरो छोराको पठाउँछु ।" त्यसपछि केटी पक्षले नाइँ नास्ती गरेनन्, बिहे भो । अहिले राम्रै छ ।

श्रीमानको मृत्यु हुँदा मथुरा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट वडा सदस्य हुनुहुन्थ्यो । गाउँमा अरु भन्दा जान्ने बुझ्ने । देवर टंक कुँवर चण्डिका गाविस अध्यक्ष हुनुहुन्थ्यो । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता पनि । त्यसैले पनि मथुराले अरु एचआइभी संक्रमितले जस्तो सामूहिक आक्रमण भने भोग्नुपरेन ।

श्रीमान् संक्रमित भएर घर पुगेपछि गंगोत्री नामक संस्थाका प्रतिनिधि घरमा गइराख्थे । एचआइभी बारे जनचेतनामूलक तालिम दिन्थे । नौ वडाका ५३ जना निर्वाचित प्रतिनिधीलाई तालिम दिएको थियो । जनप्रतिनिधिको हैसियतले मथुरालाई पनि त्यो तालिम लिने अवसर मिल्यो । एचआइभी बारे थप बुझ्नुभयो । अनि आफूजस्ता संक्रमित र सहाराविहीनको लागि काम गर्छु भन्ने अठोट गर्नुभयो । त्यही संस्थामा १५ वर्ष स्वयम्सेवकको रुपमा काम गर्नुभयो । लुकेर बसेकाहरूलाई बाहिर आउन र खुलेर एचआइभीविरुद्ध डट्न हौसला बाँड्नुभयो ।

दाजु (जेठो बुबाका छोरा) भीम रावलको प्रभावले मथुरालाई पहिलेदेखि नै एमाले मन पर्दथ्यो । त्यही कारण २०४७ सालमै उहाँले पार्टीको संगठित सदस्यता लिनुभएको थियो ।

उहाँ कति हक्की र निडर स्वभावको हुनुहुन्थ्यो त्यसको पुष्टी एउटा घटनाबाट हुन्छ । वि.स.२०५४ सालको संसदीय निर्वाचनमा अछाम क्षेत्र नम्बर १ मा कांग्रेसबाट गोविन्द शाह र एमालेबाट भीम रावल बीच प्रतिष्पर्धा भो । गोविन्द शाहको जित भो । विजयी जुलुस बयलपाटा लिनुपर्छ भन्दै भरुवा बन्दुक बोकेका कांग्रेस कार्यकर्ता नारा जुलुससहित भीम रावलको गाउँ नजिकै बयलपाटा पुगे । पराजयको पीडामा रहेका एमाले कार्यकर्तासंग पनि हातहातमा लठ्ठी थिए । माझको पीपलबोटनेर दुवै पार्टीका कार्यकर्ताको आमनासामना भो । संभावित दुर्घटना रोक्न मथुरा अघि सर्नुभयो । जुलुसको बीचमा उभिएर दुवै हात फैलाउनुभयो र भन्नुभयो, “को हो गोली हान्न सक्ने बहादुर, आइज । तातो गोली खान्छु । पार्टीको लागि शहीद म हुन्छु ।” उहाँको जोस, निडरता र पार्टीप्रतिको मायाको जिल्लाभर तारिफ भो । त्यो बेलासम्म नागरिकताविहीन

मथुरालाई पार्टीकै पहलमा नागरिक बनाइयो । तर उमेरचाहिँ सोधिएन । त्यसैले नागरिकतामा उहाँको उमेर वास्तविक उमेर भन्दा ८ वर्ष बढी छ ।

४० वर्ष नपुग्दासम्म उहाँले तत्कालिन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपाल र त्यसपछि अखिल नेपाल महिला संघमा बसेर काम गर्नुभयो । "पार्टीको कार्यक्रममा अछामका प्रत्येक मञ्चमा भाषण गर्ने र बाहिरबाट जाने नेतालाई माला लगाइदिने महिला म नै हुन्थें" उहाँले सुनाउनुभयो ।

एचआइभी संक्रमितलाई आफन्तले नै सुटुक्क मर्ने सल्लाह दिन्थे त्यो बेला । तर मथुरा आफूमात्रै बाँच्नुभएन, लड्नुभएन, आफूजस्ता हजारौंको लागि हिम्मत बन्नुभयो र एचआइभीसंग हार नखान भन्दै पूर्ण जीवन जिउन हौसला दिनुभयो । एचआइभीविरुद्धकी फाइटर उहाँ रोग लागेपछि मृत्यु नजिक देखिहाल्नेका लागि प्रेरणाकी प्रतिमूर्ति हुनुहुन्छ ।

अदम्य साहस, कामप्रतिको लगाव, इमान्दारिता र परिवर्तन चाहने इच्छा शक्तिको कदर गर्दै उहाँलाई ५० भन्दा बढी सरकारी तथा गैर सरकारी संस्थाले पुरस्कार प्रदान तथा सम्मान गरिसकेका छन् ।

एचआइभी संक्रमित बीच निकै प्रिय उहाँले दुई कार्यकाल एचआइभी संक्रमितहरूको राष्ट्रिय महासंघको नेतृत्व गर्नुभयो । अब भने उहाँ फेरि जिल्लामा फर्कने सोचमा हुनुहुन्छ ।

अहिले उहाँसंग जेठो छोरा हुनुहुन्न । २०७४ सालमा हृदयघातका कारण उहाँको मृत्यु भएपछि उहाँले जीवनमा फेरि एकपटक ठगिएको महसुस गर्नुभयो । एचआइभी संक्रमितको छोरा भन्दै अपमान सहेको कान्छो छोरा अहिले इन्जिनियर हुनुहुन्छ । उहाँ पनि अछाममै कार्यरत हुनुहुन्छ । हिजो जुन समाजले छी छी र दूर दूर गर्‍यो त्यही समाजमा डटेर परिवर्तनका लागि काम गरिरहनु भएको छ र अझै धेरै काम गर्ने धोको छ मथुराको । ●